Patan Gyansagar, 7(1), 62-74, June 2025, ISSN: 2467-9534

# कम्लरी कवितामा अभिव्यञ्जित यथार्थ

चतुर्भुजलाल दास केवरत
नेपाली विभाग, पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: cldkewrat@gmail.com

Received: September, 2024; Revised: February, 2025; Accepted: June, 2025

© The Author(s) 2025

https://doi.org/10.3126/pg.v7i1.79565

**लेखसार**

प्रस्तुत अध्ययन 'कम्लरी' कवितामा यथार्थवादी अभिव्यञ्जनामा केन्द्रित रहेको छ । 'कम्लरी' कवि शीला योगीद्वारा रचित यथार्थवादी कविता हो । यस कवितामा पश्चिममा बसोबास गर्ने आदिवासी थारू समुदायमा कम्लरी प्रथा विद्यमान रहेको तथ्यको उद्घाटनसँगै सामाजिक यथार्थको कुरूप पक्षको उद्घाटन गरिएको छ । त्यस समुदायमा मनाइने नयाँ वर्ष माघीको अवसरमा छोरीचेलीलाई कम्लरीको रूपमा मालिकलाई बिक्री गरिने सामाजिक यथार्थको अभिव्यक्ति छ । यस कवितासम्बन्धी पूर्वाध्ययनबाट प्रस्तुत दृष्टिकोणबाट अनुसन्धान नभएको रिक्तता पत्ता लगाई यो अध्ययन गरिएको हो । यसको विश्लेषणको लागि पाठ विश्लेषण विधिको उपयोग गरिएको छ । यथार्थवादी दृष्टिकोणबाट अध्ययन गर्नु प्रस्तुत अनुसन्धानको सीमा हो । यथार्थवादमा लौकिक विषयवस्तुको प्रस्तुति र ग्रहण एवम् त्यसप्रतिको क्रिया प्रतिक्रिया नै मुख्य आधारको रूपमा रहेको हुन्छ । यस अनुसन्धानमा सामाजिक यथार्थको प्रयोग गरी विश्लेषण गरिएको छ । विवेच्य कवितामा माघीको अवसरमा मालिकको हातमा बेचिएकी चेलीले मालिकको घरमा भोग्नु परेका उत्पीडन, खप्की, शोषणको अभिव्यञ्जना छ । यसका साथै मालिकले कम्लरीको कौमार्यमाथि राखेको कुदृष्टि, यौनशोषणको कथाव्यथाका साथै कम्लरीले आफ्नो अस्तित्व रक्षार्थ गरेकी सङ्घर्षको सटीक प्रस्तुति छ ।

**शब्दकुञ्जी**: आर्थिक पछौटेपन, घरायसी मजदुर, प्रभुत्व, बालश्रमिक, श्रमशोषण

## १. विषयपरिचय

कम्लरी तराईको आदिवासी थारू समुदायको सीमान्तीयतामा केन्द्रित कविता हो । प्रगतिवादी कवि शीला योगीद्वारा रचित प्रस्तुत कविता उनको 'सपनाका मेघमाला' (२०७५) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यस कवितामा थारू समुदायका मानिसहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक दुरावास्थाको चित्रण गरिएको छ । प्रस्तुत कवितामा यस समुदायमा चरम गरिबी, अभाव, अपठितपन, आर्थिक शोषण विद्यमान रहेको देखाइएको छ । विवेच्य कवितामा चरम गरिबी र अज्ञानताका कारण विपन्न वर्गीय थारूहरूले विशेषगरी आफ्नो अबोध छोरीचेलीहरूलाई मालिकका घरमा काम गर्ने कम्लरीका रूपमा राख्ने सामाजिक कुप्रथाको यथार्थपरक प्रस्तुति छ । यस कवितामा निरीह र अतिविपन्न वर्गीय थारूले समाजका सामन्त तथा मालिककहाँ आफ्ना छोरीचेलीहरू काम तथा सेवाटहल गर्न पैसा लिएर

पठाउने अमानवीय र असामाजिक कार्यको कारुणिक पक्ष उद्घाटित छ । विश्व मानवसमाजले चरम विकास गरिसकेको बेलासमेत नेपालका आदिवासी थारूहरूले आफ्ना कलिला छोरीचेलीहरूलाई वस्तुलाईझैँ मालिककोमा बिक्री गर्ने सामाजिक यथार्थलाई यस कविताले प्रस्ट पारेको छ । मालिकका घरमा काम गर्न भनी बेचिएका अबोध चेलीहरू दिनरात मालिक र मालिक्नी अनि तिनका सन्तानका निम्ति श्रम गर्नुपर्ने मार्मिक पक्षलाई योगीले उजागर गरेकी छन् । त्यतिमात्र नभएर उक्त चेलीहरू मालिकका हप्कीदप्की खानुपर्ने, शारीरिक र मानसिक यातना सहनुपर्ने, मालिकको यौन शोषणको सिकार हुनुपर्नेजस्ता अवाञ्छनीय क्रियाकलापहरूलाई कविले उदाङ्गो पारेकी छन् । मालिकको शोषण र ज्यादतीबाट आजित भएकी कम्लरी थारू चेलीका पहिचानका विषयवस्तु, तिनका मालिकका अन्याय, अत्याचार, श्रमशोषण, यौनशोषण, र दोहनको प्रतिरोध गरेकी तथ्यलाई यस कवितामा उठान गरिएको छ । यस कवितामा विपन्न वर्गीय थारू समुदायको कम्लरी चेलीमाथि गरिने मानवद्वेषी व्यवहारको उद्घाटनसँगै कम्लरीले समाजका शोषक, सामन्तका अपमानजनक असामाजिक तथा अमानवीय व्यवहारका विरोधमा गरेकी सशक्त प्रतिरोध नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २. अध्ययन विधि र विश्लेषणको आधार

कविता साहित्यिक विधाअन्तर्गत पर्ने कलात्मक सिर्जना भएकोले यो गुणात्मक अनुसन्धान हो । यस अध्ययनका लागि प्रगतिवादी कवि शीला योगीको सपनाको मेघमाला कवितासङ्ग्रह (२०७५) मा सङ्गृहीत 'कम्लरी' कवितालाई प्राथमिक स्रोतको रूपमा उपयोग गरिएको छ । कम्लरी कविताको सम्यक् विश्लेषणका निम्ति कम्लरीप्रथासँग सम्बन्धित सामग्रीहरूलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको छ । त्यसैगरी पाश्चात्य यथार्थवादी सिद्धान्तलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको छ । विवेच्य कविताको व्याख्याका निम्ति पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा निगमन विधिको उपयोग गरिएको छ । कवितामा प्रयुक्त विषयवस्तुका अन्तर्यको सूक्ष्म अध्ययन गर्दै कविताको वस्तुपरक विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धानमा पाठविश्लेषण विधिको प्रयोग गरिएको छ ।

यथार्थवादमा समाजका यावत गतिविधिलाई छर्लङ्ग उतार्ने काम गरिन्छ । समाजका सामाजिक, आर्थिक,राजनीतिक र सांस्कृतिकजस्ता सबै गतिविधिलाई दुरुस्तै उतार्ने काम यथार्थवादमा हुन्छ । यथार्थको वास्तविक अर्थ सत्य हुन्छ अर्थात् कुनै पनि वस्तु जे जस्तो रूपमा छ त्यसलाई सोही रूपमा चित्रण गर्ने काम यस वादमा गरिन्छ । यथार्थवादले सामाजिक जीवनको वास्तविक चित्रणमा जोड दिन्छ । साहित्यमा यथार्थवादले मानव जीवनका विभिन्न क्रियाकलाप एवम् घटना प्रतिघटनालाई विम्बका माध्यमबाट अभिव्यक्तिमा जोड दिन्छ । यसले जीवनका यावत् पक्षहरू र बाहिरी जगत्सँगको प्रतिविम्बनलाई अगाडि बढाउनलाई प्राथमिकता प्रदान गर्छ । यथार्थवाद जीवनको प्रतिकृतिभन्दा पनि स्वाभाविक कलात्मक प्रस्तुतिमा जोड दिन्छ । यथार्थवादी साहित्यिक लेखनमा सामाजिक जीवनको सत्यको उद्घाटन गर्नुलाई राम्रो मानिन्छ (जारनिगोर, सन् २०१९, पृ. १८९) । यस्तो साहित्य लेखनमा समाजका विषयवस्तुलाई अतिशयोक्तिपूर्ण तवरले प्रस्तुत गरिएको राम्रो मानिँदैन । यसमा मानव जीवनका सत्यतथ्यको यथार्थिक अन्वेषण एवम् सौन्दर्यात्मक

अभिव्यक्तिमा विशेष जोड दिइन्छ । यसअन्तर्गत सामाजिक जीवनका विविध पाटाहरूको अध्ययन गरिन्छ । समाजमा हुने गरेका अन्याय, अत्याचार, श्रमको शोषण, किनबेच, अत्याचारका विरोध, संस्कार, संस्कृति एवम् प्रथाप्रणालीजस्ता यावत् सामाजिक सन्दर्भहरूको अध्ययन यथार्थवादमा गरिन्छ । यथार्थवादी साहित्य लेखनमा इन्द्रियग्राह्य विषयवस्तुको वस्तुगत प्रस्तुतिलाई बढी जोड दिइन्छ । यसमा आदर्शवादी मनोगत विषयवस्तु निषेध गरिन्छ । यथार्थवादी साहित्यमा स्थानीय दृश्य र समयस्पन्दन, समकालिक घटना र परिस्थिति, कथावस्तुको सूक्ष्मातिसूक्ष्म विस्तृति, भाषिका र क्षुद्र भाषाको प्रयोग, विज्ञान र व्यवसाय क्षेत्रका शब्दावली तथा अभिलेख र चिठी मुख्य प्रवृत्तिका रूपमा रहेका हुन्छन् (त्रिपाठी, २०५८, पृ. ४२–४४) । यथार्थवाद केवल फोटाग्राफी मात्र नभएर सामाजिक विषयवस्तुको कलात्मक पुनर्सिर्जन पनि हो । यसमा कलात्मक अभिव्यक्तिको अपेक्षा गरिन्छ ।

## ३. परिणाम र विमर्श

### ३.१ वस्तुकरण

'कम्लरी' कवितामा तराईको आदिवासी जनजाति थारू समुदायमा विद्यमान जटिल समस्यालाई केन्द्रीय कथ्य बनाई लेखिएको यथार्थवादी कविता हो । यस कवितामा नेपाली समाजमा विद्यमान मध्य युगीन मानव बेचबिखन, बाल श्रमशोषण, अन्याय, अत्याचार, चेलीका अस्मिताहरणजस्ता अतिसंवेदनशील विषयवस्तुको सटीक प्रतिविम्ब गरिएको छ। कम्लरी कविताका सन्दर्भलाई निम्नानुसारका उपशीर्षकीकरण गरेर विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ ।

'कम्लरी' नेपाली समाज विशेषगरी थारू समुदायका गरिब चेलीबेटी बिक्री वितरणसँग अन्तर्सम्बन्धित विषयवस्तु हो । प्रस्तुत कवितामा नेपालका मध्य र सुदूर पश्चिमाञ्चलको तराईका जिल्लामा भूमिहीन किसान तथा श्रमजीवी वर्गका थारूहरूले आफ्ना अबोध छोरीचेलीलाई माघ महिनामा मालिकका घरमा बिक्री गरी काम गर्न पठाउने प्रथाको उपस्थापन गरिएको छ । मालिकबाट घरव्यवहार चलाउन ऋण लिएका विपन्न वर्गीय थारूहरूले आफ्ना छोरीचेलीलाई मालिकका घरमा साहु तथा साहुनीको सेवाटहलका निम्ति पठाइने प्रथा कम्लरी हो । गरिब वर्गका थारूहरूले आफ्ना नाबालिक छोरीचेलीलाई वस्तुजस्तो मालिकको घरमा बिक्री गरीदिने तथ्यलाई प्रगतिवादी कवि शीला योगीले प्रस्तुत कवितामा उद्घाटन गरेकी छन् । विपन्न वर्गीय थारू बच्ची मालिकका घरमा बेचिने सन्दर्भलाई कवितामा यसरी प्रस्तुत गरिएको छ:

कम्लरी रहेछ मेरो नाम

कम्लरी रहेछ मेरो काम

मैले मेरी आमाको काख

तोतेबोली बोल्दा बोल्दै छाडेछु

पेटभरि आमा र बाबासँगै बसेर

मेरा जिज्ञासाहरू राख्न नपाउँदै

अनि मलाई उनको मायालु हातले

पेटभरि सुम्सुम्याउन नपाउँदै

आँगनमा भाँडाकुँडी खेल्दाखेल्दै

मेरो सबै बालापनको छुनमुने खोसिएको छ ।

उपर्युक्त साक्ष्यमा घरपरिवारमा खाने खेल्ने, डुल्ने, उफ्रने उमेरकी अबोध थारू चेलीको सामाजिक यथार्थको चित्रण गरिएको छ । साथीभाइ, दौतरीसँग भाडाकुटी खेल्ने उमेरकी बालिका मालिकका घरमा वस्तुलाईझैँ बिक्री गरिएकी वास्तविकताको मार्मिक प्रस्तुति छ । कम्लरी बनाएर पठाएकी थारू चेलीको बालअधिकार हनन भएको यथार्थ पक्षलाई प्रस्तुत साक्ष्यले उद्घाटन गरेको छ । विपन्न वर्गीय थारूहरूले चरम गरिबी, अभावका कारण आफ्ना तोतेबोलीका बालिकालाई मालिकका घरमा काम गर्न भनी कम्लरीका रूपमा पठाउने तथ्यको मर्मस्पर्शी चित्रण गरिएको छ। यस सन्दर्भले सामाजिक संरचनामा विद्यमान वर्गीय असमानताको तथ्यमाथि प्रकाश पारेको छ । वर्गीय असमानताले सामाजिक संरचनामा धनी र गरिब वर्गका बिचको अन्तराल बढाएको कविको ठहर छ । यही आर्थिक विषमताबाट द्रविभूत भएर कवि योगीले कविता रचना गरेकी उनको स्वीकारोक्ति छ (योगी, २०७५, पृ. बे.) । प्रस्तुत सन्दर्भमा थारू चेलीलाई मालिकका हातमा वस्तुका रूपमा बिक्री गरिएको सामाजिक सत्यमाथि प्रकाश पारिएको छ ।

सामाजिक विमर्शात्मक संरचनामा विपन्न वर्गीय थारूहरूले आफ्नी नाबालिग छोरीलाई मालिकका घरमा बेच्ने कारुणिक पक्षलाई यस कवितामा कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । शिक्षाको अभाव, चेतनाको कमी र गरिबीले थिलथिलिएका लाटासोझा थारूहरूले कम उमेरका आफ्ना बच्चीहरूलाई मालिकका घरमा बेच्ने तथ्यलाई यसरी प्रस्तुत गरिएको छ :

मेरो हुर्कँदै गरेको बाल्यकाल

एकै चोटि कम्लरीको मूल्यमा बिक्री भएछ

मेरी आमाले मलाई आँखाभरि आँसु पार्दै

माघीमा मलाई विदा गरिछन्

"छोरी काम राम्रो गर्नू है

गाल आउने काम नगर्नू है"

खेल्दाखेल्दै म कम्लरी भएछु

मेरो बालापन

कसौँडी र कराही माझ्दा माझ्दै बितेको पत्तै पाइन ।

प्रस्तुत साक्ष्यमा गरिब वर्गका थारूहरूले आप्mनो सांस्कृतिक पर्व र नयाँ वर्ष माघीका बेला अबोध छोरी बेचेर मालिकका घरमा पठाउने गरेका तथ्यको प्रस्तुति छ । यस सन्दर्भले नेपाली समाजमा विद्यमान बालिका बेचबिखनको असामाजिक र अमानवीय गतिविधिबारे प्रस्तुतिलाई उजागर गरेको छ । माघी थारू समुदायको सांस्कृतिक पर्वका साथसाथै नयाँ वर्ष पनि हो । यस पर्वलाई थारू समुदायले बडो हर्षोल्लासका साथ मनाउने गर्दछन् गरिब वर्गका थारूहरूले आफ्नी अबोध छोरीलाई सोही दिन बिक्री गरी कामका लागि मालिकका घरमा पठाउने सन्दर्भ हृदय विदारक रहेको छ । घरपरिवारका सबैसँग हाँसीखुसी पर्वको खुसीयाली साटासाट गर्नुपर्ने बेला आफ्ना मुटुका टुक्रा छोरीलाई जमिनदारका घरमा काम गर्ने घरायसी मजदुरका रूपमा पठाउनुपर्ने सन्दर्भ आफैँमा कारुणिक रहेको छ, "....यसै दिन थारूले बडघर वा मलिकार, हरुवा, चरुवा, चौकीदार, डौँगहाँ (घाँस वा छाँटी काट्ने मानिस), मरहरिया (गाउँको पियन वा हाँक लगाउने मानिस) चुन्ने आदि काम गर्छन् । यसै दिन आगामी वर्ष काम गर्ने ठाउँको टुङ्गो लगाउने काम गरिन्छ" (राई र अरूहरू, पृ. ५८२–५८४) । कम्लरी प्रथा मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको तराईका जिल्लामा प्रचलित कुप्रथा हो । त्यहाँ थारू समुदायका बाबुआमाले आफूहरूले लिएका ऋण तिर्न असमर्थ भई आफ्ना छोराछोरीलाई मालिकका घरमा घरेलु बालश्रमिकका रूपमा पठाइने गरेको सन्दर्भ उद्घाटित छ । यस्तो कर्म हरेक वर्ष माघीका अवसरमा मात्र सम्पन्न गरिने कुप्रथाको रूपमा विकसित भयो र लामोसमयसम्म निरन्तरता पनि पायो (२०८१, घिमिरे, नेटिजेननेपाल डट कम/कन्टेन्ट/१९६) । कम्लरीको रूपमा बेचिएकी अबोध थारू चेली धनी मालिकका घरमा घरेलु मजदुरका रूपमा काम गरिरहने तथ्यलाई यस साक्ष्यले स्पष्ट पारेको छ । यस सन्दर्भले नेपाली समाजको तीतो यथार्थलाई अभिव्यञ्जित गरेको छ । आफ्ना मालिकहरू नरिसाऊन् र भविष्यमा आफूमाथि कुनै अप्ठ्यारो परिस्थिति नआओस्, त्यसबाट जोगिनका लागि सीमान्तीकृत थारू बाबुआमाहरूले मालिकका घरमा पठाउन लागेका छोरीहरूलाई मालिक र मालिक्नीको राम्ररी सेवाटहल गर्न सिकाएको प्रस्ट छ, "छोरी तँलाई साहुका घरमा पठाउँदैछौँ । पढ्ने, लेख्ने र स्कुल जाने सपना नदेख्नू । साहुले भनेको मान्नु, मुख नलाग्नु, पिटे सहनू । बरु मालिकको सेवा गर्नु, काम गरेर खुसी बनाउनू" (बुढाथोकी, २०७८, अनलाइनखबर डट कम/२०२२/०१/१०६५८७६) । समाजमा सीमान्तीकृत र असहाय जीवन बाँच्न बाध्य गरिब थारू बाबुआमाहरू मालिकहरू छोरीका सेवाबाट रुस्ट भए सम्भावित खतराको भयको मानसिकताले काम गरेको देखिन्छ, आर्थिक हिसाबले कमजोर थारूहरू चेतनाको तहमा पनि कमजोर र मानसिक रूपले समेत अभिजात वर्गबाट सन्त्रस्त देखिन्छन् । मानव बेचविखनको सन्दर्भले मानव सभ्यताको मध्य युगीन बर्बर शैलीलाई सम्झाउने काम गर्दछ । एक्काइसौँ शताब्दीको सूचना प्रविधिको युगमा समेत नेपाली समाजमा गरिब तथा निमुखा आदिवासी जनजाति थारू समुदायमा चेलीबेटीलाई मालिकका घरमा बिक्री गरी पठाउनु पर्ने सन्दर्भलाई कविले यसरी प्रस्तुत गरेकी छन्:

मेरो मूल्य पुराना जडौरी

र वर्षको एक जोर नयाँ लुगा थियो

म वर्षको ५ हजारमा बिक्री भएछु

मेरो बाबुले ५ हजार लिएर

एकै चोटि म साहेबको घर भित्रिएको पत्तै पाइन

म जस्तै धेरै छोरीहरू कम्लरी छन् रे ।

उनीहरू पनि मजस्तै

आफ्ना आमा र बाबाको काख छाडेका रे

पुर्खादेखिको चलन रे कम्लरी बन्ने

चलन चलन बन्दै परम्परा र संस्कृति बनेछ

अनि हाम्रो जीवन र अस्तित्व पनि

यही चलनले खोसेको

कसैलाई पत्तै भएन ।

यस साक्ष्यमा थारू समुदायका छोरीचेलीहरू अबोध अवस्थामै मालिकका घरमा मोलतोल गरी बिक्री गरी पठाइने असामाजिक तथ्यको पर्दाफास गरिएको छ । समाजका जमिनदारहरूले जडाउरी, एक जोर नयाँ लुगा र केवल पाँच हजार रुपियाँ दिएर भूमिहीन किसान तथा श्रमजीवी वर्गका थारू चेलीलाई घरेलु मजदुरका रूपमा वर्षभरि र पछिसम्म पनि कजाउने असामाजिक कर्तुतलाई यस साक्ष्यले छर्लङ्ग्याएको छ । मानव बेचविखन आफैँमा असामाजिक, मानवताविरोधी र गैरन्यायिक गतिविधि त हुँदै हो, यसका साथै मानव समाजमा विद्यमान क्रुर र स्वार्थी कुप्रथासमेत हो । यसले मानवसमाजलाई नै नतमस्तक हुनेगरी गिज्याएको छ । प्रस्तुत कथनमा मानव समाजमा गरिब वर्गका थारूका अबोध बालबालिकाहरू खसीबाख्राका पाठापाठीझैँ बिक्री गर्ने सन्दर्भले तिनलाई वस्तुकरण गरी बेचबिखन गरिएको सामाजिक तथ्य उद्घाटित छ । विकसित देशका मान्छेहरू अन्तरिक्षमा वस्ती बसाउने सुरसार गरिरहेका बेला पनि नेपाली समाजमा विपन्न वर्गीय समुदायका कलिला बालबालिका पशुसरह किनबेच हुनुले नेपाली समाजमाथि कालो पोतेको स्पष्ट छ । दशैंमा खसीबाख्रा बेचबिखन गरिएझैँ थारू वस्तीमा चेलीबेटी बेचबिखनको मोलमोलाइ हुन्छ । कमलरी लाने मालिकहरू विलासी गाडीमा गाउँनजिकका होटलमा भरिभराउ थिए । माघी सकेर ६ देखि १० वर्षसम्मका अबोध बालिकाहरू आप्mना जन्मदाता बाबुआमालाई छाडेर अपरिचित व्यक्तिसँग कम्तिमा एक वर्षका लागि कमलरी दासी बन्न जाने चलन थियो (वली, २०८०, गोरखापत्र अनलाइन डट कम/न्युज/६९३१५) । यस सन्दर्भमा नेपाली समाजमा कम्लरी प्रथाका नाउँमा कुप्रथा विद्यमान रहेको तथ्य उद्घाटित छ । यसले धेरै पछिसम्म पनि मानवसभ्यतालाई नै गिज्याइरहने छ किनभने यो नेपाली समाजको ऐतिहासिक सन्दर्भमा एउटा कालो धब्बाका रूपमा सधैँ रहिरहने छ ।

### ३.२ बालश्रमशोषण

विगतमा थारू समुदायका विपन्न वर्गीय बालबालिकाहरू नै कम्लर र कम्लरीका रूपमा सम्भ्रान्त वर्गीय जमिनदारका घरमा घरायसी मजदुरका रूपमा निश्चित समयका लागि बिक्री गरिने सामाजिक यथार्थको उद्घाटन प्रस्तुत कवितामा छ। बालबालिकालाई कम्लर र कम्लरीका रूपमा मालिकका घरमा पठाइँदा तिनका श्रमको शोषणको सन्दर्भ कवितामा यसरी प्रस्तुत गरिएको छ :

मेरो सुख र आनन्द

साहेब र साहेबनीको सन्तुष्टि र सम्मानमा पो रहेछ

मेरा बैँसका रहरहरू

कहिले लुगा धुँदाधुँदै हराउँथे

कहिले कुचो लाउँदा लाउँदै

कसिँगर र धुलो सँगसँगै बढारिन्थे

त्यसैले त म कम्लरी रहेछु

मेरो जिम्मेवारी घर सफा राख्ने

पाहुनालाई खानेकुरा पु¥याउने

अनि जुठा भाँडा माझ्ने थियो ।

उपर्युक्त साक्ष्यमा कम्लरीको रूपमा मालिकको घरमा पुऱ्याइएकी गरिब थारू चेलीको श्रमशोषणको तस्बिर प्रतिविम्बित छ । यस प्रसङ्गमा कम्लरीले मालिक र मालिक्नीलाई प्रसन्न पार्नका लागि उसले सक्ने जस्तोसुकै काम गर्नुपर्ने बाध्यात्मक परिस्थितिको उद्घाटन गरिएको छ । यस कवितामा मालिकको घरमा घरायसी कामदारको रूपमा भित्र्याइएकी कम्लरीले सकी नसकी घर, भान्सा, कोठाचोटा सबै सफासुग्घर गर्नुपर्ने तथ्यको प्रकटीकरण भएको छ । यस साक्ष्यमा कम्लरीको बालश्रमको शोषण भएको यथार्थको अभिव्यञ्जना भएको प्रस्ट छ । माघीमा बेचिएर मालिकको घरमा पुगेकी कम्लरी उमेरले कलिलै भए पनि मालिकको घरमा गह्रौँ काम गर्नुपर्ने वास्तविकतालाई उपर्युक्त साक्ष्यले प्रस्ट्याएको छ । कम्लरी मूलतः दासत्वसँग जोडिएको प्रथा हो । समाजमा धनीका घरमा काम गर्न राखिएका थारू समुदायका छोरीचेलीहरू सामान्यतया ७–८ वर्षदेखि १६–१७ वर्षसम्मका किशोरीहरूलाई कमलरी राख्ने चलन पाइन्छ । बाबुआमाले हरेक वर्ष घरेलु बालश्रमको बजारमा आफ्ना छोरीहरूलाई मात्रै विभेदित बनाएर सौदावाजी गरी साहुकोमा दास जस्तै भएर काम गर्न पठाउने रहेछन् (चौधरी, २०८०, सन्धान डट कम/?p=२८१७) । यस साक्ष्यमा विपन्न वर्गीय थारूकी चेली मालिकको घरमा

बालमजदुरको रूपमा दिनरात काम गर्दा पनि उसले पारिश्रमिक नपाउनुले उसको श्रमको शोषण भएको यथार्थ उद्घाटित छ ।

कम्लरीको रूपमा बेचिएकी थारू बालिकाले सम्भ्रान्त वर्गीय मालिकको घरमा बिहान सबेरैदेखि राति अबेरसम्म अनेक घरायसी काममा खट्नु पर्ने वास्तविकतालाई माथिको साक्ष्यले इङ्गित गरेको छ । उसले घरआँगन बढारकुढारदेखि जुठा भाँडावर्तनसमेत मस्कनु पर्ने सन्दर्भले उसको बालशरीरले थेग्न नसक्ने खालका काममा जोतिनु परेकी तथ्यको रहस्योद्घाटन गरिएको छ । यस प्रसङ्गमा उसले कुनै पनि खालको पारिश्रमिक नपाउने भएकीले उसको श्रमको शोषण भएको सामाजिक यथार्थलाई उपयुक्त साक्ष्यले द्योतन गरेको छ । प्रस्तुत सन्दर्भमा नेपाली समाजको यथार्थिक पक्ष उद्घाटित भएको छ, “कविताको स्वरूप यथार्थवादी नै हुन्छ । तर पनि कविताको यथार्थ उपन्यास र कथाझैँ स्थूल हुँदैन । कविता केवल बाह्य यथार्थको अभिव्यक्ति होइन, यो बाह्यको अभ्यन्तरीकृत अभिव्यक्ति हो” (पाण्डेय, २०५६, पृ. ८१) । यस प्रसङ्गमा कवि योगी थारू समुदायमा धनी वर्गले गरेका शोषण, अन्याय, अत्याचारजस्ता असामाजिक र अमानवीय गतिविधिको अनुभूतिपश्चात् तिक्तताबोध गरेर नेपाली समाजको विकृत स्वरूपयुक्त त्यहाँको वस्तुसत्यलाई कविताको माध्यमबाट रागात्मक अभिव्यक्ति दिएकी पुष्टि हुन्छ । उपर्युक्त साक्ष्यमा थारू समुदाय माथिको ज्यादती, शोषण र निकृष्ट व्यवहार अभिव्यञ्जित छ ।

### ३।३ पहिचानको खोजी

अबोध अवस्थामा आमाबाबुका न्यानो माया त्यागेर मालिकका घरमा घरेलु श्रमिकका रूपमा काम गर्ने कम्लरीको उमेरको बृद्धि सँगसँगै उसले जीवनजगत्लाई हेर्ने चेतनाको विकास हुन्छ । ऊ आफ्नो पहिचानको खोजी गर्न थाल्छे । एउटी बालिकाको स्वपहिचानको खोजीको स्वरलाई कवि योगीले निम्न पङ्कतिपुञ्जमार्फत् अभिव्यञ्जना दिएकी छन् :

मेरो उमेरसँगै

मेरा इच्छाहरू पनि हुर्कदै थिए

बेला बेलामा मेरा इच्छाहरूले

मलाई सगरमाथाको उचाइमा पुर्‍याएर

मेरो देशले मलाई खोजिरहेको देखाउँथ्यो

तिमीलाई कम्लरी भएको देख्न सक्तिन

तिम्रो दशाले मेरो सुन्दर सगरमाथालाई शोभा दिँदैन

तिमी सगरमाथाको छायामा

पूर्णिमाको जून बनेर हाँसेको देख्न चाहन्छु

सार्वभौम, स्वाधीन देशमा

स्वतन्त्र बाँचेको देख्न चाहन्छु ।

प्रस्तुत साक्ष्यले मालिकको घरमा कम्लरी बसेकी बालिकाको क्रमशः चेतनामा विकास भएपछि उसले आफ्नो व्यक्तिगत पहिचानको खोजी गरेकी प्रस्ट छ । कवि योगीले विश्वको सर्वोच्च शिखर सगरमाथाको विम्ब प्रयोग गरेर एउटी कम्लरी पनि आप्mनो पहिचानको उचाइ खोजेकी तथ्य उद्घाटन गर्न खोजेकी छन् । सगरमाथा भएको देशमा पछि पारिएका जाति जातिका मानिसका बिच मानवद्वेषी व्यवहार विद्यमान रहेको तथ्य उजागर गरिएको छ । प्रस्तुत कवितामा कम्लरी प्रथाका नाममा सामाजिक होचा अर्घेल्याइँप्रति सर्वहारा मुक्तिकामी कवि योगीको आक्रोश अभिव्यक्त भएको छ । यसमा कम्लरी प्रथाको अन्त्यसँगै थारू चेलीहरू निर्बन्ध अवस्थामा फुक्का भएर बाँच्न चाहेका तिनका मनोकाङ्क्षाको द्योतन गरिएको छ । नेपालमा गणतन्त्रोत्तर कालमा लेखिएका कवितामा विगतमा दबाइएका विविध स्वरहरू मुखरित भएको पाइन्छ । विशेषगरी नेपाली कविताको विगत तीसवर्ष यताको स्वरूप, कथ्य र शिल्पमा निकै परिवर्तन भएको छ । यस कालावधिमा लेखिएका नेपाली कवितामा स्वतन्त्रता, राष्ट्रियता, पहिचान, लैङ्गिकता, स्थानिकता, जातीय स्वरजस्ता विषयको बाहुल्य रहेको पाइन्छ (गडतौला, २०७४, पृ. २७) । यस सन्दर्भमा कम्लरीका रूपमा बेचिएकी चेलीको मानसपटलमा इतिहास चेतका साथसाथै स्वपहिचानको बोध भएको सन्दर्भ मुखरित भएको छ ।

नेपालमा विगतको दशवर्षे जनयुद्धले राजनीतिक परिदृश्यमा आमूल परिवर्तन ल्याएपछि राज्यमा लामो समयदेखि पहिचान पाउन नसकेका जाति, समुदाय, वर्ग, लिङ्ग र क्षेत्रका मानिसहरूले आआफ्ना पहिचान खोज्न थालेको पाइन्छ । यसैक्रममा लामोसमयदेखि मालिकका घरमा कुँजिएर नारकीय जीवन बिताउन बाध्य कम्लरीहरूले स्वपहिचानको खोजी गरेका तथ्यलाई कवि योगीले यसरी प्रस्तुत गरेकी छन् :

मेरो प्यारो देशको यो रहरसँगै

कम्लरी भएर बाँचेको मेरो यौवनमा

म एउटी स्वतन्त्र र स्वाभिमानी

नारी अस्तित्व भएको

मेरो सुन्दर रूप देख्न चाहन्थेँ

कम्लरी होइन म जुन्किरी बनेर जिउन चाहन्थेँ

मेरा सपनाहरू म भित्रभित्रै

आफैले आफैलाई सुनाउने गर्थें ।

उपर्युक्त साक्ष्यमा कम्लरीले आप्mनो पृथक् पहिचानको खोजी गरेकी सन्दर्भ अभिव्यञ्जित छ । नेपाली राजनीतिमा व्यापक परिवर्तन भएका बेला त्यसको प्रतिविम्बन नेपाली सांस्कृतिक क्षेत्रमा पर्नु स्वाभाविक हो । बालमजदुरका रूपमा मालिकका घरमा बेचिएकी अबोध थारू कम्लरीले मालिकका घरको कोठाचोटामा साँघुरिएर बाँच्नुभन्दा पनि बाहिरी संसारमा विचरण गर्ने आत्मसम्मान र स्वाभिमानको जीवन बाँच्ने चाहनालाई यस साक्ष्यले इङ्गित गरेको छ । समाजमा थोरै भए पनि वैयक्तिक पहिचानसहित बाँच्ने इच्छाआकाङ्क्षा कुण्ठित भएको तथ्यलाई यहाँ चित्रण गरिएको छ । समकालीन नेपाली कवितामा राज्य पुनःसंरचनाको प्रभावसँगसँगै पहिचानको विषयवस्तु पनि स्पष्ट मुखरित भएको हो (शर्मा, २०७८, पृ. ९७) । यस सन्दर्भमा सम्भ्रान्त वर्गीय मालिकका घरमा काम गर्न बाध्य भएकी कम्लरीले व्यक्ति चैतन्यको बोध गर्दै स्वपहिचानको खोजी गरेकी प्रस्ट छ । सामाजिक विमर्शात्मक संरचनामा पहिचानको खोजी सीमान्तीकृत जाति, समूह, वर्ग र लिङ्गले खोजी गर्ने विषयवस्तु हो । विश्लेष्य कवितामा थारू समुदायकी कम्लरी चेलीलाई निमुखा पात्रका रूपमा उपस्थापन गरिएकाले उसले प्रभुत्वशाली मालिकका अगाडि आफ्नो विशिष्ट पहिचान खोज्नु स्वाभाविक छ । प्रस्तुत कवितामा कवि योगीले सामाजिक विमर्शात्मक संरचनामा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक सबै हिसाबले सीमान्तीकृत थारू चेली कम्लरीले मानिसका भीडमा आफ्नो पहिचान खोजेकी तथ्यको सार्वजनिकीकरण गरेकी छन् । प्रस्तुत कवितामा कवि योगीले विपन्न वर्गीय थारू चेलीका दुरावस्थाको सत्यान्वेषण गरेकी छन् । कविले त्यहाँको वास्तविकतालाई कलात्मक ढङ्गबाट अभिव्यक्त गरेकी छन् । प्रस्तुत सन्दर्भमा कविको सामाजिक विकृतिप्रतिको कठोर प्रहार मुखरित छ, "सिर्जना र चिन्तन दुबै क्षेत्रमा साँस्कृतिककर्मीको सक्रियता र त्यसमा निर्मम हस्तक्षेपको आवश्यकता हुन्छ । सहज यथार्थलाई कलात्मक रूपान्तरणका निम्ति हाम्रा प्रयत्न केन्द्रित गर्न सकिन्छ" (भण्डारी, २०६५, पृ. १२–१३) । यस सन्दर्भमा कविले सामाजिक यथार्थलाई फोटोग्राफिक शैलीमा नउतारी कलात्मक अभिव्यक्ति दिएकी प्रस्ट छ। प्रस्तुत सन्दर्भले कम्लरीको मुक्तिबोधी स्वर अभिव्यञ्जित हुनुका साथसाथै वैयक्तिक सत्ताको उद्बोधनसमेतलाई उजागर गरेको छ ।

## ३.४ यौनशोषण

मालिकका घरमा कम्लरी भई काम गर्न गएका कलिला र किशोरी चेलीमाथि अभिजात वर्गीय मालिकका कुदृष्टि पर्ने तथ्यलाई कविले यथार्थपरक तवरले प्रस्तुत गरेकी छन् । घरधन्दामा मालिकका अघिपछि गर्ने कम्लरीका विकासोन्मुख शारीरिक अङ्गउपाङ्गप्रति मालिकका काम वासनात्मक दृष्टि र व्यवहारलाई कवितामा यसरी प्रस्तुत गरिएको छ:

एक दिन साहेबले मलाई

मेरो हात सुम्सुम्याउँदै भन्नु भयो

"कम्लरी जस्ती छैनस् तँ त

साहेबनी बन्न पो सुहाउँछेस्"

ढकमक्क फुलेको मेरो बैँसको पूmलहरू

साहेबको कालो मन र आँखामा परेछ

म झस्याङ्ग भएँ ।

प्रस्तुत साक्ष्यमा धनी वर्गको मालिकले आफ्नो घरमा काम गर्न भनेर किनेर लगेकी कम्लरीको रूपयौवनप्रति मोहित भएर कम्लरीलाई भोग गर्नका निम्ति उसका शारीरिक अङ्गहरू छामछुम गरेको तथ्य उद्घाटित छ । मालिकले कम्लरी होइन तँ त साहेबनी बन्न सुहाउँछेस् भन्ने कथनले मालिकको कम्लरीप्रतिको यौनिकताको भावलाई अभिव्यञ्जित गरेको छ। समाजमा धनी वर्गका मानिसहरूले आफ्ना घरमा काम गर्ने बालमजदुर र किशोरीका यौनशोषण गर्ने वास्तविकतालाई प्रस्तुत साक्ष्यले छर्लङ्ग्याएको छ, "कम्लरीलाई मालिकहरूले बलात्कार गर्ने, यौनशोषण गर्ने, यातना दिने र आत्महत्या गर्न बाध्य बनाउने पीडादायी व्यवहार विद्यमान थिए कम्लरी प्रथामा । यसमा बालिकालाई बँधुवा दास बनाउने प्रथा थियो" (वली, २०८०, गोरखापत्र अनलाइन डट कम/न्युज/६९३१५) । यस साक्ष्यमा कम्लरी भएर मालिकका घरमा काम गर्ने बालिका तथा किशोरी थारू चेलीको यौनशोषण गर्दै तिनका अस्मिता हरण गरिने मालिकका कलुषित भावको अभिव्यक्ति भएको छ ।

## ३.५ सशक्त विरोध

प्रस्तुत कवितामा सम्भ्रान्त वर्गीय मालिकका घरेलु हिंसा र दुव्र्यवहारका कारण कम्लरी चेलीहरू आजित भई कडा विरोध गरेको पाइन्छ । शक्तिको विमर्शमा प्रभुत्वशाली पक्ष र कमजोर पक्षका बिचमा टकराव हुन्छ । प्रभुत्वशाली पक्षले आफूखुसी मनमानी गर्न खोज्छ र त्यहीँनेर कमजोर पक्षले आफ्नो पहिचान, आत्मसम्मान र स्वाभिमान जोगाउनका लागि विरोध गर्छ । यस कवितामा सीमान्तीकृत कम्लरीले मालिकका विरुद्धमा आवाज बुलन्द गरेकी कविताका पङ्कतिपुञ्ज यसप्रकार रहेका छन्:

मलाई रत्तिभर डर लागेन किनकि

म मात्र कम्लरी थिइन

म मात्र कम्लरी भइसकेकी आमाकी छोरी थिइन

थुप्रै कम्लरीहरूको आवाजको बल थियो मसँग

थुप्रै कम्लरीको पीडा र जोस थियो मसँग

त्यसैले मैले प्रतिकार गरें

खबरदार साहेब, होसमा कि जोसमा ?

म कम्लरी  हो कम्लरी तपाईँको कम्लरी

साहेबनी बन्नु छैन मलाई

मेरो फुलेको यौवनमा

एकैचोटि अत्याचारको विस्फोटन भएको पत्तै पाइन

मेरो लजालु र सहनशीलताको बाँध फुटेको पत्तै पाइन ।

प्रस्तुत साक्ष्यमा मजदुरका रूपमा मालिकका घरमा बसेकी कम्लरीको मानसिकतामा विद्रोहको भाव पलाएको प्रस्ट छ । उसले मालिकका अनर्गल व्यवहारका विरुद्धमा कडा स्वरमा मालिकलाई थर्काएकी तथ्यलाई यस साक्ष्यले पुष्टि गरेको छ । कम्लरीले उत्पीडित, शोषित कम्लरीका प्रतिनिधित्व गर्दै मालिकका ज्यादतीविरुद्ध प्रतिकार गरेकी तथ्यलाई यस साक्ष्यमा उपस्थापन गरिएको छ । बालिकाको रूपमा मालिकका घरमा भित्रिएकी कम्लरी समयक्रमको प्रवाहसँगै किशोरावस्थामा प्रवेश गरी महिनावारीसमेत भइसकेकी तथ्यलाई कविले कलात्मक किसिमबाट प्रस्तुत गरेकी छन् । सोही सन्दर्भलाई कविले फुलेको यौवनको संज्ञा दिएकी हुन् । बालिका किशोरी भएपछि उसको मासिक धर्मको आरम्भ हुनु स्वाभाविक प्रक्रिया हो । यो शास्वत सत्य हो । यथार्थवादी साहित्यमा सार्विक सत्यको उद्घाटन गरिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. २९५) । यस सन्दर्भमा कविले महिलाको निश्चित उमेरपछि स्वाभाविक रूपमा महिनावारी हुने तथ्यलाई प्रकाश पारेकी छिन् ।

## ४. निष्कर्ष

प्रस्तुत कवितामा कविले सीमान्तीकृत थारू समुदायका गरिब आमाबाबुले माघीका अवसर पारेर आफ्ना मालिकलाई आफ्ना अबोध छोरीचेलीहरूलाई बालमजदुर अर्थात् कम्लरीका रूपमा पठाउने असामाजिक तथ्यको उद्घाटन गरिएको छ। वर्तमान एक्काइसौँ शताब्दीको सूचनाप्रविधिको युगामा समेत मध्ययुगीन पाराको मानव बेचबिखनको सामाजिक कलङ्कका सन्दर्भलाई कविले कलात्मक तरिकाले सार्वजनिक गरेकी छन् । बजारमा वस्तुभाउको बिक्री वितरण गरेसरी गरिब परिवारका थारू चेलीहरू बिक्री वितरण गरिने अमानुषिक गतिविधिको पर्दाफास गरिएको छ । घरपरिवारमा आमाबाबु र दौँतरीसँग खाइखेली स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्ने उमेरसमूहका बालिकाहरू मालिकका घरमा गई बिहान सबेरैदेखि राति अबेरसम्म मालिक र मालिक्नीका सेवाटहल गरी बस्नुपर्ने यथार्थको मार्मिक चित्रण गरिएको छ । यस कवितामा कम्लरीका बालश्रमशोषण, तिनलाई दिइने यातना, घरेलु हिंसा, यौनशोषणका सन्दर्भहरू उद्घाटित छन् । आर्थिक असमानताले निर्माण गरेको विकराल वर्गीय संरचनामा विपन्न वर्गीय निमुखा थारूका अबोध चेलीहरू मालिकका घरमा पशुसरह बिक्री भई नारकीय जीवन बिताउनु परेका तथ्यको उद्घाटन गरिएको छ । यस कवितामा कम्लरीले स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्ने, आफ्नो आत्मसम्मान, स्वाभिमान बचाउँदै वैयक्तिक पहिचानसहितको सम्मानजनक जीवन बाँच्ने चाहना गरिएको छ ।

## सन्दर्भसामग्री सूची

गडतौला, नारायणप्रसाद (२०७४) . *समकालीन नेपाली कविताको समाजशास्त्र*. काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

घिमिरे, ओमप्रकाश (२०८१). नेपाली समाजलाई पछाडि धकेलेका १४ प्रथाहरू, www.netizennepal.com/content/196.

चौधरी, उन्नति (२०८०). कमलरी प्रथा : मुक्तिको इतिहास र वर्तमान. www.Sandhaan.com/?p=2817.

त्रिपाठी, वासुदेव (२०३०/२०५८). यथार्थवाद र प्रकृतवाद, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा*. तृतीय संस्क. पुनर्मुद्रण, पुलचोक : साझा प्रकाशन (पृ. ४२–५८)।

पाण्डेय, ताराकान्त (२०५६). *प्रगतिवाद र कविता*. काठमाडौँ : लेखकस्वयम्।

बुढाथोकी, आभास (२०७८). मुक्त कमलरी : उन्मुक्तिपछिको उडान, www.onlinekhabar.com/2022/01/1065876.

भण्डारी, जगदीशचन्द्र (२०६५). *समकालीन सिर्जनशीलता र नयाँ सौन्दर्यबोध, सौन्दर्यको भूमिका*. काठमाडौँ:अखिल नेपाल लेखक सङ्घ (पृ. ११–१४)।

योगी, शीला (२०७५) सपनाको मेघमाला. काठमाडौँ : तितीक्षा शर्मा।

राई, भक्त र अरूहरू (सम्पा.) (२०७९). माघी, *नेपाली लोकवार्ताकोश*. काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान पृ. ५८२–५८४)।

वली, लीलाधर (२०८०). संघर्षमै बित्यो कमलरीको मुक्त घोषणाको दश वर्ष, www.gorkhapatraonline.com/news/69315.

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०६७). यथार्थवाद, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार (पृ. २९४–३०५)।

शर्मा, सुकुम (२०७८). *समकालीन नेपाली कवितामा युगचेतना*. काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

Zarnigar,S. (2019). The Realistic Genre and its Development in World Literature. *International journal of Recent Technology and Engineering*, 8 (3), 189-192. Retrieved December 3, from www.ijrte.org>wp-content>papers>